नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३१४१६, ६६३८१०४, ५११६४३५
६६३१४१३, ६६३१४१४, ६६३१४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

## चिकित्सा शिक्षा आयोगको विज्ञप्ति

चिकित्सा शिक्षा अध्ययनको लागि इच्छुक विद्यार्थीबाट आवेदन लिने र छनौट गर्ने प्रक्रिया सम्वन्धमा केही अनलाइन मिडियामा आएको तथ्यहीन, कपोकल्पित तथा भ्रामक समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले प्रचलित ऐन, कानून तथा कार्यविधिको अवलम्बन गरी स्वच्छ र पारदर्शी रूपमा कार्य सम्पादन गर्दै आएको र आयोगबाट गरिने क्रियाकलापहरूलाई कार्यतालिकामार्फत सरोकारवालाहरूमा पूर्व जानकारी गराई सोही बमोजिमको समयसिमाभित्र कार्य सम्पादन गर्दै आएको कुरा सबैमा विदितै छ । आवेदन फाराम भर्न तोकिएको समय पछाडि कुनै पनि व्यक्तिको आवेदन लिने कार्य आयोगवाट नभएको, दोस्रो प्राथमिकता अन्तर्गत आवेदन गरेका उम्मेदवारहरूको म्याचिङ हालसम्म नभएको र यही २०८० पुस १ र २ गते हुने गरी सार्वजनिक जारी सूचना गरिएको छ । आयोगको प्रणालीमा रहेको सूचना तथा तथ्याङ्क आयोगवाट सार्वजनिक नभएसम्म अरूको पहुँचमा नरहेको र समाचारमा समावेश भएको तथ्याङ्क आयोगको वास्तविक तथ्याङ्कसँग मेल नखाएको व्यहोरा अवगत गराउँदै यस्ता आधारहीन समाचारको आयोग खण्डन गर्दछ ।नियामक निकायको रुपमा स्थापित आयोगको गरिमा तथा आयोगका पदाधिकारी र कर्मचारीहरूको चरित्र हत्या हुने खालका यस्ता समाचारहरू प्रकाशन नगर्नको लागि सम्वन्धित सञ्चारमाध्यमलाई अनुरोध गरिन्छ ।

<u>वास्तविकता</u>

मिति २०८० भदौ १५ गते प्रकाशित सूचनावमोजिम शैक्षिक सत्र २०८०/०८१ मा चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट मिति २०८० असोज १४ गतेसम्म अनलाइन आवेदन आह्वान गरिएकोमा आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np/Account/Login बाट आवेदन शुल्क भुक्तानी कार्य मिति २०८० असोज १४ गते ५:०० बजे बन्द भएको कारणले आवेदन गर्न नसकेका उम्मेदवारहरूको सहजताको लागि मिति २०८० असोज १६ गते ५:०० बजेसम्मका लागि आवेदन पेस (submit) गर्ने समय आयोगबाट थप गरिएको हो। थप गरिएको समयमा १११ जना विदेशी विद्यार्थीले आवेदन गरेकोमा आयोगमा सबभन्दा पछाडि आवेदन गर्ने उम्मेदवारले २०८० असोज १६ गते अपरान्ह ४:४९ बजे आवेदन गरेका हुन । रिसब पटेलले आयोगबाट थप गरिएको समयभन्दा अगावै २०८० असोज १३ गते १०:१३ मा आवेदन गरिसकेका थिए । पहिलो र दोस्रो प्राथमिकता अन्तर्गत दुबैतर्फ गरी कूल ९६३ जना विदेशीले आवेदन गरेका हुन् । अतः प्रकाशित समाचारमा कुनै आधार र तथ्य भन्दा बाहिर गई गलत मनसायबाट प्रकाशित भएको देखिन्छ ।

२०८०।८।२०
कृष्ण प्रसाद काप्री
सदस्य सचिव